प्रतापपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

प्रतापपुर, नवलपरासी

## बोलपत्र/सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति :२०७४/१२/०५

यस कार्यालयबाट चालु आ.व. ०७४/७५ मा यस कार्यालय अन्तर्गत सञ्चालन हुने स्वीकृत कार्यक्रमहरु तपसिलमा उल्लेखित कार्यहरु ठेक्काको माध्यमबाट गनुपर्ने भएकोले मूल्य अभिवृद्धि कर र स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र प्राप्त निर्माण व्यवसायीबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको बोलपत्र/सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु :

१ सम्बन्धित कागजातहरु संलग्न भएको बोलपत्र/सिलबन्दी दरभाउ पत्र फाराम प्रतापपुर गाउँपालिकाको कार्यालय, नवलपरासीबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म बोलपत्रको हकमा तथा १५ औं दिनसम्म सिलबन्दी दरभाउ पत्रको हकमा यस कार्यालय समयभित्र राष्ट्रिय बाणिज्य बैंक परासी स्थित रहेको संचित कोष खाता नं ३१००३०४०१८१०७ ग ४-१ जम्मा गरेको भौचरलाई बोलपत्र/सिलबन्दी दरभाउ पत्र हकमा तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिने छ ।

२. बोलपत्र/सिलबन्दी दरभाउ पत्र खरीद गर्दा आ.व.०७४/७५ सम्म अद्यावधिक नवीकरण भएको ईजाजत पत्र,स्थायी लेखा नम्बर प्रमाणपत्र र मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व ०७३/७४ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

३ खरीद गरिएका बोलपत्र तथा सिलबन्दी दरभाउ पत्रहरु उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्र/सिलबन्दी दरभाउ पत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम,ठेगाना,कामको विवरण,ठेक्का विवरण प्रोप्राइटरको नाम, ठेगाना, फोन नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले क्रमशः ३१ औं तथा १६ औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराइ सक्नुपर्नेछ । म्यादभित्र प्राप्त हुन आएका बोलपत्र/सिलबन्दी दरभाउ पत्र सोही दिन दिनको १४:०० बजे कार्यालयका प्रतिनिधि तथा बोलपत्र दाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा गाउँपालिकाको कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधि अनुपस्थित भएमा पनि कार्यालय प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४ एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र/दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

५ बोलपत्र/सिलबन्दी दरभाउ पत्रको प्रत्येक आइटमको भ्याट बाहेकको दर अंक र अक्षरमा प्रष्ट उल्लेख गरी पेश गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

६ कामको गुणस्तर स्वीकृत स्पेसिफिकेसन अनुसार हुनुपर्नेछ ।बोलपत्र/सिलबन्दी दरभाउ पत्रदाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसग बुझी दरेट भरेको मानिने छ ।

७ बोलपत्र/सिलबन्दी दरभाउ पत्रसाथ जमानत बापतको तल उल्लेखित रकम प्रतापपुर गाउँपालिको कार्यालय,प्रतापपुर नवलपरासीको रा.वा.बैंक परासी शाखामा रहेको धरौटी खाता ३१००३०३००७१०७ ग-३ मा दाखिला गरेको सक्कल भौचर अथवा यस कार्यालयको नाममा जारी भएको बोलपत्र/सिलबन्दी दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा क्रमशः १२० दिन र ७५ दिन म्याद भएको वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत (*Bid Bond*) संलग्न हुनुपर्नेछ । बोलपत्रको मान्य अवधि ९० दिन र सिलबन्दी दरभाउ पत्रको मान्य अवधि ४५ दिन हुनेछ ।

८ कुनै पनि बोलपत्र/सिलबन्दी दरभाउ पत्रदाताले एउटा ठेक्काको लागि एउटै मात्र बोलपत्र/सिलबन्दी दरभाउ पत्र खरीद र दाखिला गर्न सक्नेछन् । यो शर्त संयुक्त उपक्रममा पनि लागु हुनेछ ।

९ मिति २०७४/१२/२५ गते दिनको १४:०० बजे बोलपत्रदाताहरुसंग बोलपत्र सम्बन्धि कागजात प्राविधिक स्पेसिफिकेसन निर्माण स्थल वा अन्य यस्तै कुरा सम्बन्धि छलफल गनका लागि यस कार्यालयमा बैठकको आयोजना हुनेछ ।

१० बोलपत्र/सिलबन्दी दरभाउ पत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनलाई उक्त प्रयोजनको लागि मान्यता दिइनेछ ।

११ रीत नपुगी वा म्याद नाघी आएका बोलपत्र/सिलबन्दी दरभाउ पत्र उपर कुनै कारबाही हुने छैन ।

१२ नेपाल सरकारको हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई बोलपत्र/सिलबन्दी दरभाउ पत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१३ बोलपत्र/सिलबन्दी दरभाउ पत्र स्वीकृत भइसकेपछि कबोल अंकको ५% ले हुने रकम माथि उल्लेखित खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तीमा १२ महिना म्याद भएको परफरमेन्स बन्ड (***Performance Bond***) पेश गरी सम्झौता गर्नुपर्नेछ ॥

१४ यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

१५ बोलपत्र/सिलबन्दी दरभाउ पत्र सम्बन्धि अन्य जानकारी चाहिएमा यस कार्यालय (फोन नं. ०७८-६१९०९५) मा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ॥

१६ बोलपत्रको हकमा आवश्यक पर्ने ***Qualification Criterio Bid Document*** मा उल्लेख गरिएकोछ ।

### बोलपत्र/सिलबन्दी दरभाउपत्र सम्बन्धि कार्यको विवरण

| क्र.सं | ठेक्का नं | ठेक्काको किसिम | कामको विवरण | ल.ई रकम रु (भ्याट बाहेक) | धरौटी रकम (रु) | बोलपत्र/सिलबन्दी दरभाउ पत्र खरीद दस्तुर (रु) |
|---|---|---|---|---|---|---|
| १ | ०१/०७४/७५ | सिलबन्दी दरभाउ पत्र | वाडं नं.०३ गिदहा देखी वाडं नं ०२ घोडहा सम्म कालोपत्रे निर्माण । | १६९९७२०।३४ | ५५०००।०० | १०००।०० |
| २ | ०२/०७४/७५ | बोलपत्र | वाडं नं.०४ खानेपानीटंकीको अगाडी पर्सा गाउँमा कालोपत्रे निर्माण । | ४४३४४२०।५९ | १४००००।०० | ३०००।०० |
| ३ | ०३/०७४/७५ | बोलपत्र | वाडं नं.०७ मेघडं गाउँ देखी टाँडीकोट वाडं ०९, अठलही जोडने बाटोमा कालोपत्रे निर्माण । | ४४२४३५६।५८ | १४००००।०० | ३०००।०० |
| ४ | ०४/०७४/७५ | बोलपत्र | वाडं नं.०८ र ०६ जोडने पिपरपाती बजार चौक देखी बैरिया सम्म कालोपत्रे निर्माण । | ३२१२२५९।०२ | ७००००।०० | ३०००।०० |
| ५ | ०५/०७४/७५ | बोलपत्र | वाडं नं.०८ र ०९ गंगापुर गाउँमा ढल तथा कालोपत्रे निर्माण । | २६५६२००।५१ | ८००००।०० | ३०००।०० |
| ६ | ०६/०७४/७५ | बोलपत्र | वाडं नं.०४ बदंघाट पुल देखी हर्पपुरा गाउँ जाने बाटोमा कालोपत्रे निर्माण ॥ | २५०१७०८।६६ | ७५०००।०० | ३०००।०० |
| ७ | ०७/०७४/७५ | सिलबन्दी दरभाउ पत्र | वाडं नं.०४ पर्सा गाउँ देखी दरखासे गाउँ जाने बाटोमा कालोपत्रे निर्माण । | १०६१२२०।२६ | ३५०००।०० | १०००।०० |
| ८ | ०८/०७४/७५ | सिलबन्दी दरभाउ पत्र | वाडं नं.०५ धर्मौली (बुँडिया कोटा) देखी भारत सिमाना जाने बाटोमा कालोपत्रे निर्माण ॥ | १६९११४०।०३ | ५५०००।०० | १०००।०० |
| ९ | ०९/०७४/७५ | सिलबन्दी दरभाउ पत्र | वाडं नं.०६ झुल्नेपुर (शम्भु क्याम्प) देखी जनजागृती मा.वि जाने बाटोमा कालोपत्रे निर्माण । | १६९१३७९।७ | ५५०००।०० | १०००।०० |
| १० | १०/०७४/७५ | बोलपत्र | ***NP3 Class*** हयुम पाईप सप्लाई कार्य । | २६५४१६२।५० | ८००००।०० | ३०००।०० |

७६६९१५२

बाँधराज बस्याल

प्रमुख प्रशासकीय अधिकृत